## मिति २०८२/१२/६ गतेको नगरकार्यपालिका बैठकका प्रस्तावहरु

१. योजना संसोधन तथा रकम बिनियोजन सम्बन्धमा ।
२. मेयर/उपमेयर कप खेलकुद संचालन समिति गठन सम्बन्धमा ।
३. ठाडा डमरुदह दह बहुउद्देश्यीय सिंचाई योजनाको श्रोत सुनिश्चितता सम्बन्धमा ।
४. ठाडा प्रा.स्वा.के.मा कार्यरत मेडिकल अफिसरको थप सुविधा सम्बन्धमा ।
५. विविध सम्बन्धामा ।

### निर्णय नं. १

प्रस्ताव नं. १ का सन्दर्भमा आगामी बैठकमा छलफल गर्ने निर्णय गरियो ।

### निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा मेयर तथा उपमेयर कप खेलकुद कार्यकम गत आ.व.मा संचालन गरेको समिति मार्फत संचालन गर्ने निर्णय गरियो ।

### निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा शितगंगा नगरपालिकाको मुख्य गौरवको आयोजना डमरुदह बहुउद्देश्यीय सिंचाई योजना संचालनको लागि गत आ.व.मा संघीय विशेष अनुदानमा माग गरिएकोमा बहुवर्षीय योजनाको रुपमा रु २ करोड स्वीकृत भई चालु आ.व.को लागि ९० लाख प्राप्त भएको अवस्था छ । उक्त योजनाको उदेश्य सुपा खोलाबाट डमरुदहमा पानी ल्याई दह पूर्णरुपमा भरी पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने र बढी भएको पानी सो बाट सम्भव भएमा वडा नं. ३, ४, १०, १२, १३ सम्म पुऱ्याई सुख्खा क्षेत्र सिचाई गर्ने गरी बहुउद्देश्यीय रुपमा अगाडी बढाउने योजना रहेको छ । सो कार्यको लागि डिपिआर गर्दा सुपाबाट दहसम्म पानी ल्याउने कार्यको लागि मात्र रु ४,०७,७४,७८९।२८ को लागत अनुमान तयार भएकोले उक्त लागत अनुमान अनुसारको कार्य नगरेमा विचमै योजना अधुरो रही दह सम्म समेत पानी नआउने भएकोले उक्त लागत अनुमान अनुसार बहुवर्षीय योजनाको रुपमा संचालन गर्ने र नपुग रकम श्रोत सुनिश्चिता गर्ने गरी कार्यालयबाट सूचना प्रकाशन भएकोलाई समर्थन गर्दै सकेसम्म सवै रकम संघीय सरकारबाट प्राप्तिको लागि माग गर्ने यदी संघीय सरकारबाट रकम प्राप्त हुन नसकेकामा प्राप्त हुन नसक्ने जति रकम नगरपालिकाले आगामी आ.व.को लागि श्रोत सुनिश्चितता गर्दै बजेट निर्माणका कममा समावेश गरी रकम बिनियोजन गर्ने निर्णय गरियो ।

### निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा हाल ठाडा प्राथमिक स्वास्थ्य केन्द्रमा एक जाना मात्र मेडिकल अधिकृत करार सेवामा कार्यरत रहेकोमा निजले आवश्यक्ता अनुसार तोकिएको समय भन्दा बाहिर जुनसुकै समयमा पनि सेवा प्रदान गर्नु पर्ने भएकोले निजलाई अतिरिक्त कार्य सम्पादन वापत मासिक रु ३० हजार थप सुविधा दिने निर्णय गरियो ।

शितगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय ठाडा, अर्घाखाँची लुम्बिनी प्रदेश, नेपाल

प्रमाणित प्रतिलिपि

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा बैठकमा आएका प्रस्तावहरुका सन्दर्भमा छलफल भई तपशिल बमोजिम गर्ने निर्णय गरियो ।

**तपशिल**

(क) यस नगरपालिकाका विभिन्न वडाहरुमा विभिन्न घटना भई आर्थिक समस्या भएका व्यक्तिहरुलाई शितगंगा नगरपालिकाको विपद व्यवस्थापन कोष तथा आर्थिक सहयोग कार्यविधि २०७९ र मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीलाई औषधी उपचार वापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ बमोजिम नबाझिने गरी तपशिल अनुसार आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

**तपशिल**

१. शितगंगा नगरपालिका वडा नं. ४ गोर्थुम निवासी गुन बहादुर खड्काको बाँया मृगौला खराब अप्रेसन गरी निकालिएको र आर्थिक अवस्था समेत कमजोर भएको भनि वडाको सिफारिस समेतका कागजातहरु सहित निवेदन पेश भएकोले निजलाई रु २५,०००। आर्थिक सहयोग उपचार खर्च प्रदान गर्ने ।

२. शितगंगा नगरपालिका वडा नं. ५ निवासी सुन बहादुर विश्वकर्माको छोरी सविता वि.क.पाठेघरको विरामी भई पाठेघरको शल्यक्रिया गरी नियमित उपचार गराई रहेको र आर्थिक अवस्था समेत कमजोर भएको भनि वडाको सिफारिस समेतका कागजातहरु सहित निवेदन पेश भएकोले निजलाई रु २५,०००। आर्थिक सहयोग उपचार खर्च प्रदान गर्ने ।

३. शितगंगा नगरपालिका वडा नं. ३ निवासी यम बहादुर थापा लामो समय देखि सुगर नशा तथा छातिको रोगले समस्यामा परी उपचार भईरहेको र आर्थिक अवस्था समेत कमजोर भएको भनि वडाको सिफारिस समेतका कागजातहरु सहित निवेदन पेश भएकोले निजलाई रु २५,०००। आर्थिक सहयोग उपचार खर्च प्रदान गर्ने ।

४. शितगंगा नगरपालिका वडा नं. १४ निवासी शशिकुमारी रेश्मी अचानक विरामी भई मुटुमा जटिल समस्या देखिएको तर उपचार गर्न आर्थिक अवस्था समेत कमजोर भएको भनि वडाको सिफारिस समेतका कागजातहरु सहित निवेदन पेश भएकोले निजलाई रु २५,०००। आर्थिक सहयोग उपचार खर्च प्रदान गर्ने ।

५. शितगंगा नगरपालिका वडा नं. ५ निवासी शिवलाल बेल्वासेकी श्रीमती हीम कुमारी बेल्वासे मानसिक विरामी भई नियमित उपचार गराई रहेको तर उपचार गर्न आर्थिक अवस्था समेत कमजोर भएको भनि वडाको सिफारिस समेतका कागजातहरु सहित निवेदन पेश भएकोले निजलाई रु २५,०००। आर्थिक सहयोग उपचार खर्च प्रदान गर्ने ।

६. शितगंगा नगरपालिका वडा नं. १४ निवासी दुर्गा प्रसाद पौडेल रुखबाट लडी घाईते भई भेन्टिलेटरमा उपचार गराई रहेको रहेको तर उपचार गर्न आर्थिक अवस्था समेत कमजोर भएको भनि वडाको

सिफारिस समेतका कागजातहरु सहित निवेदन पेश भएकोले निजलाई रु २५,०००। आर्थिक सहयोग उपचार खर्च प्रदान गर्ने ।

७. शितगंगा नगरपालिका वडा नं. १३ निवासी कमल कुमाल मिति २०८२/१२/२ गते भारतको उत्तराखण्ड उडिसामा मोटर साइकल दुर्घटनामा मृत्यु भएको निजको परिवारको आर्थिक अवस्था निकै कमजोर भएकोले काजक्रियाको लागि सहयोग हुन भनि वडाको सिफारिस समेतका कागजातहरु सहित पेश भएकोले निजको परिवारलाई काजक्रिया खर्च बापत रु २५,०००। आर्थिक सहयोग प्रदान गर्ने ।

८. शितगंगा नगरपालिका वडा नं. १ निवासी विष्णु प्रसाद अधिकारी क्यान्सर रोग लागि उपचार गराई रहेको र निजको आर्थिक अवस्था निकै कमजोर भएकोले सहयोग उपलब्ध गराई दिन भनि वडाको सिफारिस भएकोले निजको उपचार बापत रु २५,०००। आर्थिक सहयोग प्रदान गर्ने ।

९. शितगंगा नगरपालिका वडा नं. १ निवासी लालमणी घिमिरे रुखबाट लडी घाईते भई उपचार गराई रहेको र निजको आर्थिक अवस्था निकै कमजोर भएकोले सहयोग उपलब्ध गराई दिन भनि वडाको सिफारिस भएकोले निजको उपचार बापत रु २५,०००। आर्थिक सहयोग प्रदान गर्ने ।

१०. शितगंगा नगरपालिका वडा नं. ४ निवासी नारायण प्रसाद बेल्वासे क्यानसर रोग लागि उपचार गराई रहेको र निजको आर्थिक अवस्था निकै कमजोर भएकोले सहयोग उपलब्ध गराई दिन भनि निवेदन सहित कागजात पेश भएकोले निजको उपचार बापत रु २५,०००। आर्थिक सहयोग प्रदान गर्ने ।

११. शितगंगा नगरपालिका वडा नं. ७ निवासी प्रवास कुम्भकारको पत्नी हरि पुलामी दुबै मृगौला फेल भई उपचार गराई रहेको र निजको आर्थिक अवस्था निकै कमजोर भएकोले सहयोग उपलब्ध गराई दिन भनि वडाको सिफारिस पत्र पेश भएकोले निजको उपचार बापत रु २५,०००। आर्थिक सहयोग प्रदान गर्ने ।

१२. शितगंगा नगरपालिका वडा नं. ९ निवासी फड बहादुर गायनको छोरा आषिस गन्धर्व आगोमा परी दुवै खुट्टा जलेर हिडडुल गर्न नसक्ने भएको र निजको आर्थिक अवस्था निकै कमजोर भएकोले सहयोग उपलब्ध गराई दिन भनि निवेदन पेश भएकोले निजको उपचार बापत रु २५,०००। आर्थिक सहयोग प्रदान गर्ने ।

१२. शितगंगा नगरपालिका वडा नं. १४ पावर निवासी तिल बहादुर खाम्चाकी लामो समय देखि सुगर प्रेसर रोगबाट ग्रसित भई नियमित उपचार गराई रहेको र निजको आर्थिक अवस्था निकै कमजोर भएकोले सहयोग उपलब्ध गराई दिन भनि वडाको सिफारिस पत्र सहितका कागजात पेश भएकोले निजको उपचार बापत रु २५,०००। आर्थिक सहयोग प्रदान गर्ने ।

१३. शितगंगा नगरपालिका वडा नं. ६ निवासी विष्णु ज्ञवाली लामो समय देखि नसा तथा मुटु सम्बन्धि रोगबाट ग्रसित भई नियमित उपचार गराई रहेको र निजको आर्थिक अवस्था निकै कमजोर भएकोले सहयोग उपलब्ध गराई दिन भनि वडाको सिफारिस पत्र सहितका कागजात पेश भएकोले निजको उपचार बापत रु २५,०००। आर्थिक सहयोग प्रदान गर्ने ।

शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रमाणित प्रतिलिपि

१४. मिति २०८२/२/२६ गतेको नगर कार्यपालिकाको बैठकबाट शिनपा १ निवासी गुणाखर अधिकारीको छोरा सृष्टि अधिकारीको श्रीमान मिन प्रसाद अधिकारीको दुवइमा मृत्यु भएकोले पूर्व निर्णयमा रु १५०००।- थप गरी आर्थिक सहयोग प्रदान गर्ने (काज क्रिया खर्च) भनि निर्णय भएकोमा उक्त रकम हाल सम्म उपलब्ध नभएकोले सो रकम उपलब्ध गराउने ।

१५. शितगंगा नगरपालिका वडा नं. ४ निवासी विन बहादुर वि.क. फोक्सोको अप्रेसन गरी उपचार गराई रहेको र निजको आर्थिक अवस्था निकै कमजोर भएकोले सहयोग उपलब्ध गराई दिन भनि वडाको सिफारिस पत्र सहितका कागजात पेश भएकोले निजको उपचार बापत रु २५,०००। आर्थिक सहयोग प्रदान गर्ने ।

१६. शितगंगा नगरपालिका वडा नं. ४ निवासी तोय अधिकारीलाई क्यान्सर लागि उपचार गराई रहेको र निजको आर्थिक अवस्था निकै कमजोर भएकोले सहयोग उपलब्ध गराई दिन भनि वडाको सिफारिस पत्र सहितका कागजात पेश भएकोले निजको उपचार बापत रु २५,०००। आर्थिक सहयोग प्रदान गर्ने ।

(ख) यस नगरपालिका भित्र बसोवास गर्ने नगरवासीका छोराछोरी एमविविएस अध्ययन गरिरहेका छन भने ति विद्यार्थीहरुलाई प्रति विद्यार्थी रु १ लाखका दरले एक पटकको लागि छात्रवृत्ति प्रोत्साहन उपलब्ध गराउने व्यवस्था मिलाउने । चालु आ.व.मा रकम नपुग भएकोले बाँकी आगामी आवमा दिने गरी ५० हजारका दरले छात्रवृत्ति प्रोत्साहन रकम उपलब्ध गराउने ।

(ग) शितगंगा ४ सानादह निवासी कमला घर्ति मगरको निवेदन अनुसार निजको सानादहका विशेष नापी कार्यालयले प्रयोग गर्दै आएको मिति २०८०/१०/१ गते देखि मिति २०८१/९/३० गते सम्म भुक्तानी नदिएकोले भुक्तानी पाउँ भनि माग भई आएकोमा विशेष नापी कार्यालय अ.खा.को पत्र र निवेदनका आधारमा निजलाई उक्त मितिको भुक्तानी नभएको घरभाडा पूर्व सम्झौताको आधारमा भुक्तानी दिने ।

(घ) शितगंगा नगरपालिका वडा नं. ९ रागाकाटे निवासी अमृत गिरीले जनमुखी माध्यमिक विद्यालय गढवा दाङ्गबाट कक्षा ८ को वार्षिक परीक्षामा सहभागि भई सामुदायिक विद्यालयबाट प्रथम भएकोले निजलाई प्रोत्साहान स्वरुप रु २०,०००।- र शिनपा ३ निवासी मान बहादुर नेपालीको छोरा विजय नेपालीले शैक्षिक सत्र २०८०/०८१ को कक्षा १२ मा छात्र तर्फ अर्घाखाँची प्रथम भएकोले निजलाई प्रोत्साहन स्वरुप रु २५०००।- दिने ।

(घ) मिति २०८२/३/३० गते शिनपा ९ वसेनी निवासी दिलमाया पुनको गोठ जल्दा ३ वटा बोका र ४ वटा माउ बाखा जली नष्ट भएकोले प्रति गोटा रु ५०००।- का दरले ३५०००।- निजलाई राहत सहयोग उपलब्ध गराउने ।

(ङ) शितगंगा नगरपालिका वडा नं. ११ खयरभट्टीमा रहेको शम्भु आधारभुत विद्यालयलाई कम्तिमा ३ वर्ष सम्म यस नगरपालिकाको आर्थिक दायित्व नहुने गरी आगमी शैक्षिक सत्र देखि कक्षा ७ संचालन गर्न अनुमती दिने ।

शितगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय
प्रमाणित प्रतिलिपि

(च) शितगंगा नगरपालिका वडा नं. ३ मा नगरपालिकाले संचालन गर्दै आएको नमुना कृषि फर्म निर्माण तथा संचालन गर्दा गत आ.व.मा गरेको कार्यको विलहरु भुक्तानी बाँकी रहेकोले उक्त रकम वडा तर्फको कार्यक्रममा समावेश गरी भुक्तानी दिने ।

(छ) लुम्बिनी प्रदेश सरकार अर्न्तगत गठित प्रदेश पूर्वाधार विकास प्राधिकरणबाट तयार भई कार्यान्वयनको चरणमा रहेको प्रदेश राजधानी शहरको गुरुयोजनाले शितगंगा नगरपालिकाको वडा नं. ८ र ९ लाई समेत समेटी कार्य गर्न लागेको र हाल उक्त गुरुयोजना अर्न्तगत संचालन हुन लागेको आयोजनाको लागि यस नगरपालिकाको वडा नं. ९ अर्न्तगत पूर्वमा खारघाट नयाँवस्ती कुलोको साँध, पश्चिममा धानखोला पाखुरी हर्रे चाखला नयाँवस्ती, उत्तरमा नुनेपानी सामुदायिक वन र राष्ट्रिय वन, दक्षिण रङ्गसिङ्ग खोला भित्रको चार किल्ला, जग्गा एकीकरण आयोजनाको लागि सहरी विकास ऐन २०८१ को दफा ६ (२) बमोजिम स्वीकृत प्रदान गर्न नगरसभामा पेश गर्ने ।

(ज) वडा नं. १४ गन्दी स्वास्थ्य केन्द्र भवन निर्माण गर्नको लागि लुलुमाया रानाले आफ्नो नाममा रहेको जग्गा मध्येबाट निःशुल्क प्रदान गर्ने भएकोले उक्त जग्गा स्वास्थ्य संस्थाको नाममा रजिष्ट्रेसन पास गर्न राजश्व छुटको लागि जिल्ला मालपोत कार्यालय अर्घाखाँचीलाई सिफारिस गर्ने ।

(झ) यस नगरपालिकाको चालु आ.व.का खरका छाना मुक्त कार्यक्रम अर्न्तगत प्रति घरलाई नगरपालिकाको स्वीकृत निर्देशिका अनुसार रु ४० हजार उपलब्ध गराउने । यसरी खरको छाना मुक्त कार्यक्रम संचालनको लागि घरधुरी छनौटका सन्दर्भमा नगर प्रमुख १२ घर, उप प्रमुख १० घर वडा नं. १- ७ घर, वडा नं. २- ५ घर, वडा नं. ३- ५ घर, वडा नं. ४- ५ घर, वडा नं. ५- १० घर, वडा नं. ६- १२ घर, वडा नं. ७- २४ घर, वडा नं. ८- ९ घर, वडा नं. ९- २४ घर, वडा नं. १०- ९ घर, वडा नं. ११- २४ घर, वडा नं. १२- १० घर, वडा नं. १३- १४ घर, वडा नं. १४- २४, र का.पा. सदस्यहरु ८ घर सिफारिस गर्ने ।

(ञ) मिति २०८२/५/१५ गतेको नगर कार्यपालिकाको बैठकको निर्णय नं. ७ मा सेवा निवृत्त हुनु भएका कर्मचारी श्री मोदनाथ ज्ञवालीलाई दिने भनि उल्लेख भएको रकम चालु आ.व.मा पारिश्रमिक कर्मचारी शिर्षकमा रहेको रकमबाट भुक्तानी दिने ।

(ट) यस नगरपालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ ले तोकेको क्षेत्र भन्दा बाहिर गएर गत आ.व तथा चालु आ.व.मा समेत कर संकलन गर्ने कार्य नगरेको व्यहोरा घोषणा गरियो ।

अर्को कार्यपालिका बैठक मिति २०८२/१२/१० गते विहान ठिक ७ बजे वस्ने निर्णय गरियो ।

आजको बैठक सर्वसम्मत निर्णय गर्दै सम्पन्न गरियो ।

शितगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय थोरी, अर्घाखाँची लुम्बिनी प्रदेश, नेपाल

प्रमाणित प्रतिलिपि